# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या: २०७९/०८०
चलानी नं.

विषयः- सय दिने कार्यअवधिमा भएका मुख्य-मुख्य कार्यहरु ।

मिति २०७९।०१।३० गते सम्पन्न स्थानीय तह सदस्यको निर्वाचनबाट दोश्रो कार्याकालका लागी निर्वाचित भई पदभार ग्रहण पछिको सय दिनको कार्यावधिमा गाउँसभाबाट वार्षिक कार्यक्रम तथा वजेट निर्माण देखि लिएर गाउँ कार्यपालिकाबाट नियमित रुपमा संपादन भैरहने कार्यहरुका अतिरिक्त देहायका मुख्य-मुख्य संपादित कार्यहरु सार्वजनिक गरिएको छ ।

## १.व्यवस्थापकीय क्षेत्रमा नीतिगत सुधार कार्यहरुः-

### (क) संगठन तथा व्यवस्थापन सर्वेक्षणः-

गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा क्षेत्र र सेवाग्राहीको विद्यामान अवस्था, मौजुदा दरवन्दी र कार्यवोझ, विषयगत शाखाहरुबाट प्रवाह हुने सेवा र मौजुदा जनशक्तिको पर्याप्तता वा अपर्याप्तता, समयानुकुल सेवा विस्तार गर्नु पर्ने क्षेत्र तथा थप घट हुने जनशक्ति विवरण लगायतका विषयहरुमा अध्ययन/सर्वेक्षण गर्ने कार्य अगाडि बढाइएको छ ।

### (ख) आवधिक योजनाः-

संभाव्यता, औचित्यता र आवश्यकताका आधारमा ३ (तिन) वर्ष भित्रमा सम्पन्न गर्न सकिने भौतिक पूर्वाधार निर्माण तथा सामाजिक विकास क्षेत्रका योजनाहरुको अध्ययन तथा सर्वेक्षण गरी एकिकृत विवरण तयार गर्ने तथा यी योजनाहरुलाई आवश्यकताका आधारमा प्राथमिकिकरण गरी क्रमशः कार्यान्वयनमा लैजान तिन वर्षे आवधिक योजना तर्जुमा प्रकृया थालनी भएको छ ।

Scanned with CamScanner

(ग) मध्यकालिन खर्च संरचनाः-

वजेटको उपलव्धता र प्राथमिकता प्रास आयोजनाहरु बीच तादम्यता कायम गर्न, वजेट सिलिङ भित्र रहेर आयोजनाहरुमा वजेट रकम सुनिश्चित गर्न वित्तीय उपकरणको रुपमा मध्यकालिन खर्च संरचना तयार गर्ने कार्य अगाडि वढाइएको छ ।

(घ) सामाजिक लेखा परिक्षणः-

सिद्दलेक गाउँपालिकाले हाल सम्म वजेट विनियोजन गरेका क्षेत्रहरुबाट प्रास प्रतिफल र नागरिकहरुको आर्थिक तथा सामाजिक जीवनमा आएको सकारात्मक परिवर्तनको विश्लेषण गर्दै आगामी दिनका लागी पृष्ठपोषण प्रास गर्न सामाजिक लेखा परिक्षण गर्ने प्रकृया अगाडि वढाइएको छ ।

२.विषयगत क्षेत्रः-

(क) स्वास्थ्यः-

१. नलाङ स्वास्थ्य चौकीमा OTC Center स्थापना ।
२. नलाङ स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गर्न वजेट विनियोजन ।
३. जटिल समस्या सहितको प्रेषण गरिएका गर्भवती तथा सुत्केरी महिलाको लागि नि शुल्क एम्वुलेन्स सेवाः ।
४. उपाध्यक्षसँग पोषण कार्यक्रम शुरु ।

(ख) शिक्षाः-

१. गाउँ शिक्षा समिति पुर्गगठन ।
२. सिद्दलेक गाउँपालिका भित्र शिक्षा क्षेत्रमा समसामयिक सुधारका लागी राय सुझाव दिन कार्यदल गठन ।
३. गाउँ शिक्षा अनुगमन समिति पुर्नगठन ।
४. शैक्षिक क्यालेण्डर निर्माण छपाई तथा सबै विद्यार्थीहरुलाई समेत पुग्नेगरी वितरण ।
५. शिक्षकहरुको लागि शैक्षिक डायरी छपाई गरी वितरण ।
६. खुल्ला किताव परीक्षा (OBE) तथा नेतृत्व विकास र उद्यमशिलता सम्बन्धी २ दिने सेमिनार सञ्चालन ।

सिद्दलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

७.एउटा पनि कम्प्युटर नभएका १४ वटा विद्यालयहरुमा कम्प्युटर वितरण ।

८.विद्यालयहरुमा फ्रि वाईफाई डिभाईस जडान ।

३.कार्यालय तथा भौतिक श्रोत साधनको उपयोग

(क) फर्निचर तथा मेसिनरी सामानहरुको व्यवस्था गरी गाउँकार्यपालिकाको कार्यालयलाई नया भवनमा संचालन ।

(ख) जिल्ला समन्वय समितिले प्रयोग गरी रहेको गाडी गाउँपालिकामा फिर्ता गरिएको ।

४.न्यायिक समितिलाई शसक्तिकरण र कानून निर्माणः-

(क) सामुदायिक मेलमिलापकर्ताहरुका लागी तालिमको व्यवस्था गरिएको ।

(ख) आर्थिक सहायता, अनुदान तथा राहत वितरण र करारमा शिक्षक छनौट कार्यविधि निर्माण ।

५.नवप्रवर्तनीय कार्यक्रमहरुः-

(क) एक घर एक फलफुल, एक विद्यार्थी एक फलफुल, एक विद्यालय १० फलफुल कार्यक्रम ।

(ख) सवै वडामा सरकारी विद्युत महशुल (२० युनिट सम्मको) भुक्तानी कार्यक्रम ।

(ग) फुर्केखोला प्रवेश स्थल र च्याडुखोलामा गेट निर्माण कार्यक्रम ।

(घ) सिद्दलेक पर्यटन सम्भाव्यता अध्ययन कार्यक्रम ।

सिद्दलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङवुङ, धादिङ बागमती प्रदेश, नेपाल

२०७९.०८.१९...........

परशुराम खतिवडा

अध्यक्ष

परशुराम खतिवडा अध्यक्ष

Scanned with CamScanner